# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या :

च.न :                                                                                          मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका,
खोटाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ४६ लाख ३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७० लाख ५७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८ लाख ७९ हजार र पेश्की रु.१ करोड ६३ लाख ९६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १९ यसै साथ संलग्न छ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# दिप्रुङ चुइचुम्मा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
### २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं. १ मा अवस्थित यो गाउँपालिका अर्न्तगत ७ वडा, ३८ सभा सदस्य, १३६.४८ वर्ग कि.मी.क्षेत्रफल र २०,१५७ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **गत वर्षको जिम्मेवारी** | | **५६१२०००.००** | **चालु खर्च (समानिकरण र आन्तरिक)** | | **१९९९८९६८.००** |
| क) नगद | ५६१२०००.०० | ० | **पूँजीगत खर्च (समानिकरण)** | | **१०३१४७९५५.००** |
| ख) बैंक | | ० | **सशर्त अनुदान** | | **११८३२७४६७.००** |
| **राजस्व (आन्तरिक आय)** | | **११२३७३९.००** | (क) शिक्षा(चालु) | ९९९२४२२३.०० | ० |
| क) आन्तरिक राजस्व | ११२३७३९.०० | ० | (ख) स्वास्थ्य(चालु) | १६६२८५४०.०० | ० |
| (ख) | | ० | (ग) कृषि(चालु) | ८८७५७४.०० | ० |
| | | ० | (घ)पशु | ८८७१३०.०० | ० |
| **वित्तीय हस्तान्तरण** | | **२८९२०१०००.००** | **संघीय सरकारका कार्यक्रम** | | **४०९७७५५०.००** |
| क)वित्तीय समानीकरण अनुदान | १६३७५००००.०० | ० | (क) सामाजिक सुरक्षा(चाल) | ३७७२५४००.०० | ० |
| ख) सशर्त अनुदान( शिक्षा,स्वास्थ्य,कृषि,पशु) | १२४८५१०००.०० | ० | (ख) एल.जि.सि.डि.पि.(चालु) | ३६९०००.०० | ० |
| ग) समपूरक अनुदान | ०.०० | ० | (ग) एल.जि.सि.डि.पि.(पूँजिगत) | ६०००००.०० | ० |
| घ) प्रदेश सरकारबाटको अनुदान | ६०००००.०० | ० | (घ) बहुक्षेत्रिय पोषण(चालु) | ८२३९००.०० | ० |
| **संधीय सरकारबाट हस्तान्तरित कार्यक्रम** | | **४१५४२२००.००** | (ङ)गरिब संग विश्वेश्वर(चालु) | ४२९०००.०० | ० |
| (क) सामाजिक सुरक्षा | ३७८१४०००.०० | ० | (च) साना सिंचाई(पूँजिगत) | १०३०२५०.०० | ० |
| (ख) एल.जि.सि.डि.पि. | ९६९०००.०० | ० | हेल्भिटास संयुक्त कृषि कार्यक्रम(चालु) | ५८००९२०.०० | **५८००९२०.००** |
| (ग) गरिबसंग विश्वेश्वर | ४२९०००.०० | ० | **प्रदेश सरकारबाट (पुजिंगत)** | ५७६०००.०० | **५७६०००.००** |
| (घ) बहुक्षेत्रिक्षिय पोषण | ८२३९००.०० | ० | **को.ले.नि.का. फिर्ता** | | **६६८५८५४.००** |
| (ङ) साना सिचाई | १४१६१००.०० | ० | **धरौटी** | ० | ० |
| (च) पुल हेरालू पारिश्रमिक | ७२०००.०० | ० | **मौज्दात(स्रेस्ता अनुसार)** | | **४६७६४२२५.००** |
| (छ) गरिब परिचयपत्र | १८२००.०० | ० | संचित कोष(बैंक अनुसार)४,७३,५०,४४६ बैंक बढी .५,८६,२२१.०० | ४६७६४२२५.०० | |
| **अन्य आय** | | ० | धरौटी | ० | |
| (क) हेल्भिटास सहयोग | ४८०००००.०० | **४८०००००.००** | | | |
| **धरौटी आम्दानी** | ० | ० | | | |
| **जम्मा** | | **३४२२७८९३९.००** | **जम्मा** | | **३४२२७८९३९.००** |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>संचित कोष(स्थानीय सरकार) : गाउँपालिकाको संचित कोषमा गत बर्षको रु.५६,१२,०००.०० बचत रहेकोमा यस बर्षको आन्तरिक आयबाट रु.११,२३,७३९ समानिकरण सशर्त तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट रु.२८,९२,०१,०००, सशर्त तथा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमा रु.४,१५,४२,२००.०० र हेल्भिटासको सहयोग रु.४८,००,०००.०० समेत जम्मा रु ३४,२२,७८,९३९.०० आम्दानी भएकोमा चालु तर्फ रु.१,९९,९८,९६८.००, पूँजिगत तर्फ रु.१०,२८,४७,९५५, सशर्त अनुदान तर्फ रु.११,८३,२७,४६७.०० संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा रु.४,०९,७७,५५०.०० हेल्भिटाससंगको संयुक्त कृषि कार्यक्रममा रु.५८,००,९२०, प्रदेश सरकार बाट प्राप्त रु.५,७६,०००.०० र सशर्त तर्फ खर्च नभई बाँकी रहेको रु.६६,८५,८५४ कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता समेत जम्मा रु.२९,५५,१४,७१४ खर्च भई रु.४,६७,६४,२२५ बाँकी रहेको छ । संचित कोष सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।</td><td></td></tr>
<tr><td>१.१</td><td>गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका रकम जम्मा गर्न संचितकोषको रुपमा बैंकमा एक खाता, पूँजिगत तर्फका विभिन्न उपशिर्षकको भुक्तानीको लागि १ र चालु तर्फका विभिन्न उपशिर्षकको भुक्तानीको लागि १ बैंक खाता खोली लेखा संचालन गर्ने व्यवस्था अनुरुप कार्यालयले संचित कोष, चालु तथा पूँजिगत तर्फको खर्च भुक्तानी दिन बैंकमा खाता खोलेकोमा बैक खाता बमोजिमको बैंक नगदी किताब राखेको छैन । बैंक खाता बमोजिमको बैंक नगदी किताब नराखिएको र बैंकबाट नियमित स्टेटमेन्ट प्राप्त गरी भिडान नगरिएकोले पूँजिगत तथा चालु खाताको हिसाब सही छ भनी यकिन हुन सक्ने अवस्था भएन । बैकमा प्राप्त सबै रकम आम्दानी बाँधिएको र भुक्तानीको लागि जारी गरिएका सबै चेक सटही भए नभएको यकिन गर्न बैंक खाता बमोजिमको बैंक नगदी किताब खडा गरी बैंक स्टेटमेन्टसंग भिडान हुने व्यवस्था हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१.२</td><td>कार्यालयबाट प्राप्त आय व्यय विवरण अनुसार संचित कोषको खुद मौज्दात रु.४,६७,६४,२२५.०० हुनु पर्नेमा बैक स्टेटमेन्ट अनुसार बैंक खातामा रु.४,७३,५०,४४६.०० मौज्दात देखिएकोले रु.५,८६,२२१.०० बैंक बढी देखिएको छ । बैंक बढी भएको रकम मध्ये संघीय सरकारको सशर्त तर्फ खर्च नभई बाँकी रहेको रकम रु.२,१२,१२९ रहेको छ भने बाँकी रकम रु.३,७४,०९२ श्रोत खुलेको छैन । श्रोत नखुलेको रकमको श्रोत पहिचान गरी आम्दानी बाध्नु पर्ने रु...............................</td><td>३,७४,०९२.००</td></tr>
<tr><td>२.</td><td>सशर्त अनुदान तथा हस्तान्तरित कार्यक्रम - गाउँपालिकाबाट क्षेत्रगत रुपमा कार्य सम्पादन गर्न यस बर्ष देहाय बमोजिम सशर्त बजेट तथा नेपाल सरकारका विभिन्न बजेट उप शिर्षकको कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिम बजेट विनियोजन तथा खर्च भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>निकासा</th><th>खर्च</th><th>बाँकी</th></tr>
<tr><td>१</td><td>शिक्षा</td><td>१०५४०३०००.००</td><td>१००२२४२२३.००</td><td>५३७८७७७.००</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य</td><td>१७३७५०००.००</td><td>१६६२८५४०.००</td><td>७४६४६०.००</td></tr>
<tr><td>३</td><td>पशु</td><td>११८३०००.००</td><td>८८७१३०.००</td><td>२९५८७०.००</td></tr>
<tr><td>४</td><td>कृषि</td><td>८९००००.००</td><td>८८७५७४.००</td><td>२४२६.००</td></tr>
<tr><td>५</td><td>सामाजिक सुरक्षा</td><td>३७८१४०००.००</td><td>३७७२५४००.००</td><td>८८६००.००</td></tr>
<tr><td>६</td><td>LGCDP(चालु)</td><td>३६९०००.००</td><td>३६९०००.००</td><td>०</td></tr>
<tr><td>७</td><td>LGCDP(पूँजिगत)</td><td>६०००००.००</td><td>६०००००.००</td><td>०</td></tr>
<tr><td>८.</td><td>साना सिंचाई</td><td>१४१६१००</td><td>१०३०२५०.००</td><td>३८५८५०.००</td></tr>
<tr><td>९.</td><td>गरिबसंग विश्वेश्वर</td><td>४२९०००.००</td><td>४२९०००.००</td><td>०</td></tr>
<tr><td>१०.</td><td>बहुक्षेत्रिय पोषण</td><td>८२३९००.००</td><td>८२३९००.००</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६६३०३०००</td><td>१५९१५४९२७</td><td>६८९७९८३</td></tr>
</table>
सशर्त अनुदान तर्फ बाँकी देखिएको रकम रु.६८,९७,९८३.०० मध्ये ६६,८५,८५४.०० मात्र कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय कोषमा जम्मा भएकोले बाँकी रकम रु.२,१२,१२९.०० समेत फिर्ता हुनु पर्दछ ।</td><td>२१२१२९.०</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम गाउँसभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको पाईएन । यस सम्बन्धमा आर्थिक बर्ष २०७५।०७६ देखि सुधार भएको कार्यालयले जनाएको छ । | |
| ४. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र गाउँसभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले श्रावण २९ गते मात्र बजेट पारित गरेको पाईयो । उक्त बजेट सभामा पेश भएको मिति खुलाएको पाईएन । ऐनमा तोकिएको समय भित्र बजेट पेश तथा पारित हुनु पर्दछ । | |
| ५. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्यमा मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । साथै प्रचलित कानूनमा व्यवस्था भएका आन्तरिक नियन्त्रण संग सम्बन्धित निम्न व्यवस्था समेत कार्यान्वयन भएको पाईएन । आन्तरिक नियन्त्रण प्रभावकारी नहुँदा श्रोत साधनको दुरुपयोग हुन सक्ने तथा मितव्ययी रुपले खर्च नहुन सक्ने भएकोले प्रचलित कानूनमा व्यवस्था भएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित प्रावधान लागु गरी कार्यालयको कामको प्रकृति बमोजिम थप आन्तरिक नियन्त्रणको व्यवस्था लागु गर्नुपर्दछ ।<br>• आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम सवारी साधन तथा मेसिनरी औजारको मर्मत अभिलेख राख्ने ।<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ बमोजिम विलभर्पाईमा कार्यालयप्रमुखले प्रमाणित गरी "भुक्तानी भएको" जनाउने छाप लगाउनु पर्ने ।<br>• जिन्सी खाता कार्यालय प्रमुख वा तोकेको व्यक्तिबाट प्रमाणित गर्ने ।<br>• भ्रमण खर्च नियमावली २०६४ बमोजिम कर्मचारी तथा पदाधिकारीको भ्रमणको अभिलेख राख्ने ।<br>• बैठकको माईन्यूटमा समय उल्लेख गर्ने ।<br>• नापि किताबमा नापि गरेको मिति, ठेक्का विलमा विल तयार गरेको मिति उल्लेख गर्ने ।<br>• सवारी साधनमा भएको इन्धन खपतको लगबुक राख्ने<br>• उपभोक्ता समिति मार्फत काम गराउदाँ सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ मा उल्लेख गरिएको प्रकृया अवलम्बन गरी योजनालाई आवश्यक पर्ने निर्माण सामग्री तथा सेवा खरिद गर्ने र सामग्रीको रकम भूक्तानी गर्दा सम्बन्धित फर्मको नाममा एसी पेइ चेकबाट मात्र भुक्तानी गर्ने । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ६. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन,अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । गाँउसभाबाट पारित भएको योजना तथा कार्यक्रमको विवरण अनुसार गाउँपालिकाले यस बर्ष गाउँपालिका स्तरमा २२ वटा योजना तथा कार्यक्रम तथा वडा स्तरमा १३३ वटा योजना तथा कार्यक्रमको लागि रु १३३९३००००.०० बजेट पारित गरी बजेट खर्च गरेको तथा सशर्त तथा हस्तान्तरित कार्यक्रममा समेत रु. ४०९७७५५०.०० खर्च गरेकोमा नियममा व्यवस्था भए अनुसार चौमासिक तथा बार्षिक प्रगति विवरण तयार गरेको पाईएन । प्रस्तावित योजना तथा कार्यक्रम मध्ये आर्थिक बर्ष भित्र सम्पन्न भएका र बाँकी योजना तथा प्रत्येक योजना तथा कार्यक्रममा भएको खर्चको विवरण तयार गरेको भए पनि तोकिएको ढाँचामा तयार गरेको पाईएन । योजना तथा कार्यक्रममा विनियोजन भएको बजेट खर्च भए नभएको र खर्च भएको रकमबाट तोकिए बमोजिको उपलब्धी हासिल भए नभएको सम्बन्धमा चौमासिक तथा बार्षिक लक्ष्य तोकि खर्च गर्ने र सो अनुसार प्रगति विवरण तयार गरी समिक्षा गर्ने व्यवस्था हुनु पर्दछ । | |
| ८. | **बर्षान्तमा बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार कुल पूँजिगत खर्च रु.१० करोड ३१ लाख ४७ हजार मध्ये प्रथम चौमासिकमा १ लाख ५० हजार अर्थात ०.१४ प्रतिशत, दोस्रो चौमासिकमा ९१ लाख ५९ हजार अर्थात ८.८७ प्रतिशत र तेश्रो चौमासिकमा ९ करोड ३८ लाख ३९ हजार अर्थात ९०.९७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा ३ करोड ९३ लाख ५९ हजार अर्थात ३८.१५ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । बर्षान्तमा हतारमा काम गर्दा व्यवस्थापनमा कठिनाई भई गुणस्तरमा असर पर्ने भएकोले योजना संझौता गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गरी सन्तुलित रुपमा कार्यसम्पादन हुनु पर्दछ । | |
| ९. | गाउँपालिका कार्यालयवाट १५५ वटा योजना तथा कार्यक्रम पारित भएको छ । गाउँपालिकाले पारित गरेको योजनाको तुलनामा प्राविधिक कर्मचारी संख्या ३ जना रहेकोले असारमा मात्र धेरै योजना समाप्त भएको देखिएकोले न्यून संख्यामा प्राविधिकहरुवाट नापजाँच हुँदा गुणस्तरमा असर पर्ने देखिन्छ । योजना संख्या र प्राविधिक कर्मचारीमा तालमेल हुनुपर्ने देखिन्छ । | |
| १०. | **सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस गाउँपालिकामा पर्ने साविक गाउँ विकास समितिमा रहेका चल अचल सम्पत्ति हस्तान्तरण भएको पाईएन । त्यस्तै कार्यालयले खरिद गरेका र विषयगत शाखामा रहेका सामानको जिन्सी खाता समेत छुट्टा छुट्टै राखेको पाईयो । विषयगत शाखाहरुमा रहेका सामानको अभिलेख गाउँपालिकामा नराखिएमा सामान हराउने,चोरी हुने र दुरुपयोग हुने भएकोले सबै बिषयगत कार्यालयमा रहेका सामानको अभिलेख गाउँपालिका कार्यालयमा राख्ने र विषयगत शाखा तथा वडामा सहायक खाता राख्ने व्यवस्था हुनु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
| --- | --- | --- |
| ११. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३१ रहेपनि पदपूर्ति २० रहेको देखियो । अधिकृत सहित ११ पद रिक्त रहेका छन । पूर्ति भएका २० मध्ये १० जना करारमा राखि कार्य संचालन गरिएको छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर गर्ने भएकोले स्वीकृत दरबन्दी पूर्ति हुनु पर्दछ । | |
| १२. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ। त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले कार्यालय संचालनको लागि करार संझौता समेत गरी १० जना संग करार संझौता गरेकोमा उल्लेखित प्रक्रिया पुरा गरेको पाईएन। नियमावलीमा व्यवस्था भए बमोजिम सूचना प्रकाशित गरी प्रतिस्पर्धा बाट करार सेवा लिनु पर्दछ। | |
| १३. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । योजना रकम भुक्तानी दिंदा सार्वजनिक परीक्षण फारम संलग्न गरेको पाईयो । सार्वजनिक परीक्षणमा सरोकारवालाको न्यून उपस्थिति र खर्चमा सवै क्रियाकलापको विवरण उल्लेख गरी सार्वजनिक गरेको देखिएन । सरोकारवाला सबैलाई उपस्थित गराई खर्च भएका रकमको सम्पूर्ण विवरण समेत सार्वजनिक गरी सार्वजनिक लेखापरीक्षण हुनु पर्दछ । | |
| १४. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस बर्ष रु.११,२३,७३९.०० राजस्व प्राप्त गरेको छ। राजस्व सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छ।<br>गाउँपालिकाको आयको श्रोतको रुपमा मालपोत दस्तुर, सिफारिस दस्तुर, तथा नविकरण आदि रहेको छ । उल्लिखित कार्यहरु वडाबाट हुने भएकोले राजस्व उठाउने जिम्मेवारी वडा कार्यालयमा रहेको छ । वडा कार्यालयले संकलन गरेको राजस्वको मासिक तथा बार्षिक विवरण, राजस्वका शिर्षक, श्रोत आदि खुलेको विवरण तयार गरी गाउँपालिकामा पठाउने नगरी संचित कोषमा रकम मात्र जम्मा गरिदिने र कार्यालयले सोही रकमलाई आधार मानी आम्दानी बाँध्ने गरेको र वडा तथा गाउँपालिकाको कार्यालयमा राजस्व रसिद नियन्त्रण खाता, दैनिक प्रविष्टि खाता तथा बैंक खाता आदि नराखिएकोले खुद राजस्व रकम यकिन हुन सकेन । गाउँपालिकामा प्राप्त हुनु पर्ने सबै राजस्व वडाबाट प्राप्त भए नभएको सम्बन्धमा गाउँपालिकाले यकिन गर्नु पर्दछ। | |
| १५. | **योजनाको मूल लागत अनुमान तथा अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष सडक, सिँचाई, खानेपानी, भवन निर्माण र मर्मतका १५५ योजनाको लागि रु ११,३६,२३,६४७.८५ विनियोजन गरेकोमा क्रमागत योजनाको मूल लागत अनुमान तयार नगरी बार्षिक रुपमा छुट्याईएको बजेटलाई लागत मानी बजेट खर्च गरेको छ । एकै बर्षमा सम्पन्न नहुने सडक, सिंचाई, खानेपानी, भवन निर्माण,विद्युतिकरण जस्ता योजनामा प्रत्येक बर्ष भएको खर्च देखिने अभिलेख नभएको कारण कुल लागत तथा खर्च खुल्ने अवस्था छैन । एक आर्थिक बर्ष भित्र सम्पन्न नहुने योजनामा भएको बार्षिक खर्च देखिने अभिलेख राखी योजना कार्यान्वयन हुनु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १६. | **सेवा प्रवाह :** गाउँपालिकाले नागरिकता, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म,मृत्यु को प्रमाणपत्र दिने लगायतका सेवा प्रदान गर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष सम्पादन गरेका उल्लेखित कार्यहरुको वडाबाट विवरण प्राप्त गरी बार्षिक प्रतिवेदन तयार गरेको पाईएन । लेखापरीक्षणको क्रममा माग गरिएको विवरण अनुसार ८७६ नागरिकता सिफारिस गरेको ,४३ घरबाटो सिफारिस गरेको, ९५ नाता प्रमाणित गरेको र ९९४ अन्य विविध सिफारिश गरेको विवरण पेश गरेको छ । कार्यालयको कामलाई पारदर्शी बनाउन तथा सरोकारवालालाई जानकारी दिन वडा तथा गाउँपालिकाबाट सम्पादन भएका सेवा प्रवाहको एकिकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने व्यवस्था हुनु पर्दछ । | |
| १७. | **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५० बमोजिम कार्यालयमा कुनै प्रकारवाट प्राप्त भएका जिन्सी सामानको लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् ,कार्यालय प्रमुखले एक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैंले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीवाहेक अन्य कर्मचारीले वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँकार्यपालिको कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको देखिएन । विषयगत शाखा तथा वडामा रहेका सामानको मूल जिन्सी खातामा अभिलेख राखेको देखिएन । गाउँपालिकाका वडा तथा विषयगत शाखामा रहेका सामानको मूल जिन्सी अभिलेख खडा गरी जिन्सी निरीक्षण गर्नु पर्दछ । | |
| १८. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट कार्य गराउने कार्यविधि उल्लेख छ । सो नियममा भएका देहायका व्यवस्था गाउँकार्यपालिको कार्यालयले पालना गरेको पाइएन :<br>● नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने,<br>● नियम ९७(६)बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने,<br>● नियम ९७(७)बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने,<br>● नियम ९७ (९) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरू प्रयोग गर्न नसकिने,<br>● नियम ९७(११)बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने,<br>उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउन नियमावलीमा भएका उल्लिखित प्रावधान लागु हुनु पर्दछ । | |
| १९. | **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ वमोजिम सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद अवश्यकताको पहिचान माग संकलन गर्ने, खरिद सम्वन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलव्धता यकिन गर्न वजारमा प्रचलित खरिद संझौताको जानकारी लिने, अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने, खरिदको विवरण तयार, परिमाण र क्षेत्र यकिन गर्ने, खरिदलाई वढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्न | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | लगाउने, खरिद योजना तयार गर्ने, खरिदको लागत अनुमान तयार गर्ने , खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने, खरिद विधि छनौट गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छ : | |
| १९.१. | कार्यालयको दैनिक प्रशासन संचालनको लागि मसलन्द, छपाई, विविध प्रकारका सामाग्री खरिदको लागि रु.७७६१९३.०० मेशिनरी औजारमा रु ९३५५८.०० कार्यक्रम व्यवस्थापनमा रु.५११९५५.०० खर्च भएको छ । त्यस्तै किसानको लागि मल तथा विउ खरिद, बाख्रा पाठा लगायतका पशु वितरण लगायतका कार्यक्रममा बजेट विनियोजन भएको भए पनि सोको खरिदको लागि माग संकलन, लागत अनुमान तयारी, सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समुहको रकमको परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन । कार्यालयमा प्रयोग हुने कतिपय सामान कार्यालयबाट खरिद गरेको भए पनि धेरै सामान वडा तथा विषयगत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्कीबाट खरिद गरेको देखियो । त्यस्तै शिक्षा, कृषि, पशु, सामाजिक विकासको लागि छुट्याईएको अधिकांश बजेट सम्बन्धित शाखाका कर्मचारीले सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ को प्रक्रिया पुरा नगरी पेश्कीबाट खर्च गरेको पाइयो ।<br>कर्मचारी,पदाधिकारीले आफूलाई आवश्यक सामान आफैं खरिद गर्ने, विषयगत कुनै क्षेत्र विशेषको लागि छुटयाईएको बजेट विषयगत शाखाका कर्मचारीले खरिद गरी खर्च वा वितरण गर्ने गरेको देखिएकोले समग्र खरिद प्रणाली कार्यालयको व्यवस्थापनको नियन्त्रण भन्दा बाहिर रहेको देखियो । सामान प्रयोग गर्ने वा सेवा ग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफै कार्यक्रम तयार गर्ने आफै पेश्की लिने वा माल सामान खरिद गरी सोध भर्ना लिदा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त भएको हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार माग संकलन गर्ने, सामानको प्रकृतिको आधारमा समुह विभाजन गरी रकमको परीमाण अनुसार सोभ्कै, दरभाउपत्र, सिलबन्दी दरभाउपत्र, बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने, बिक्रेतालाई सोभ्कै भुक्तानी गर्ने, लगायतका प्रक्रिया अवलम्बन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| २०. | **स्पेसिफिकेशन, योजना,नक्सा,डिजाइन :** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४(१) वमोजिम सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेसिफिकेशन, योजना,नक्सा,डिजाइन आदि विवरण तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष रु ३०००० देखि रु. १,५०,००,००० सम्मका विभिन्न निर्माण कार्य कार्यालय तथा उपभोक्ता समितिबाट गरेकोमा निर्माण कार्यको लागि नक्सा, डिजाइन, तयार भएको छैन । गाउँपालिकावाट स्वीकृत वजेटलाई नै लागत अनुमान मानी खर्च लेख्ने गरेको देखियो । कुनै नक्सा, डिजाइन वेगर निर्माण कार्य गर्दा योजनाको दिगोपना र गुणस्तरमा समेत असर पर्ने देखिन्छ । योजना छनौट तथा कार्यान्वयन गर्दा संभाव्यता अध्ययन स्पेसिफिकेशन नक्सा, डिजाइन लागत अनुमान तयारी लगायतका कार्य गरी वातावरणलाई कम क्षति पुग्ने किसिम बाट कार्य गर्नु पर्दछ । | |
| २१. | **विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान शिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यालय संचालनको रु.७,७६,१९३.००, वडा कार्यालय संचालनमा रु.३१,५०,००० खर्च गरेकोमा लागत अनुमान तयार गरी प्रतिस्पर्धा बाट खरिद गरेको पाईएन । परल मूल्य भन्दाबढी भुक्तानी हुन नदिन लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा खरिद गर्नु पर्दछ । | |
| २२. | **मुल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को दफा ६क मा सरकारी निकाय,सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का संभ्कौता र कर | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिई करको भुक्तानी सम्वन्धित ठेकदारलाई गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस कार्यालयमा विभिन्न योजना कार्यान्वयनको क्रममा उपभोक्ता समिति मार्फत मूल्य अभिवृद्धिकर भुक्तानी दिएको विल भरपाई पेश गरेकोमा उपभोक्ता मार्फत भुक्तानी गरेको मुल्य अभिवृद्धि करको जानकारी दिने व्यवस्था भएको पाइएन । जसका केही उदाहरण देहायबमोजिम छन् : | |

| सि.न | भौ.न र मिति | फर्मको नाम | भुक्तानी रकम | मु.अ कर रकम |
|---|---|---|---|---|
| १ | ३०२/०७५/३/२४ | खोटाङ हलेसी कन्स्ट्रक्सन प्रा.लि | ९४०००००.०० | १०८१४१.०० |
| २ | ३०३/०७५/३/२४ | खोटाङ हलेसी कन्स्ट्रक्सन प्रा.लि | १५००००००.०० | १७२५६६.०० |
| ३ | २८५/०७५/३/२४ | तवा साप्सु कन्स्ट्रक्सन प्रा.लि | ४३२००००.०० | ४९६९९१.०० |
| ४ | २८७/०७५/३/२४ | तवा साप्सु कन्स्ट्रक्सन प्रा.लि | ३३५९९९९.९९ | ३८६५४८.०० |
| ५ | २०६/०७५/३/५ | मिशन नेपाल कन्स्ट्रक्सन प्रा.लि | १५१९८५०.०० | १७४८५०.०० |
| ६ | ३२२/०७५/३/२५ | मिशन सम्भव कन्स्ट्रक्सन प्रा.लि | २४५१०००.०० | २८१९७३.०० |
| | | **जम्मा** | **१४०९०८४९.९** | **१६२१०६९.००** |

उपभोक्ताले गरेको मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी दिने वा दिन लगाउने दायित्व समेत कार्यालयको भएकोले यस कार्यालयबाट उपभोक्ता मार्फत भएका मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयलाई दिने व्यवस्था हुनु पर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २३. | **अत्यधिक प्रशासनिक खर्च :** गाउँपालिकालाई प्राप्त समानिकरण निशर्त अनुदान तथा गाउँपालिकाको आन्तरिक बजेटबाट गाउँपालिकाको प्रशासनिक खर्च तथा विकास निर्माण तथा विभिन्न कार्यक्रममा खर्च गर्ने गरेको छ । यस बर्ष समानिकरण तर्फ रु.१६,३७,५०,००० गत बर्षको बचत रु.५६,१२,०००.०० र आन्तरिक आय ११,२३,७३९.०० समेत जम्मा रु.१७,०४,८५,७३९ मध्ये प्रशासनिक खर्च तर्फ रु. ३,६२,७५,६५०.०० विनियोजन गरेको छ । कुल बजेट मध्ये प्रशासनिक खर्चको भार २१.२७ प्रतिशत रहेको छ । | |
| २३.१. | प्रशासनिक खर्च मध्ये कार्यालय संचालनमा रु.३०,००,०००.०० , संचार महसूलमा रु ५,००,०००.०० मर्मतमा रु १०,००,०००.०० अन्य भाडामा रु.१०,००,०००.०० अनुगमन मूल्यांकनमा २५,००,०००.०० भ्रमण खर्चमा रु.१०,००,०००.०० विविध खर्चमा १०,६०,६५०.०० र भैपरी आउनेमा रु.२०,००,०००.०० र लेखा सम्बन्धी खर्चमा ३,००,०००.०० विनियोजन गरेको छ । विकास तर्फको बजेटबाट ४ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी प्रशासनिक कार्यमा खर्च गरिएको र सर्शत तथा हस्तान्तरित कार्यक्रमबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण तयार नगरेकोले कुल प्रशासनिक खर्च खुल्ने अवस्था छैन । प्रशासनिक खर्च विनियोजन गर्दा कार्यलयमा हुने काम र सोको आधारमा खरिद गर्नु पर्ने सामाग्रीको सम्बन्धमा कुनै आधार लिएको देखिएन । कार्यालयमा खरिद गरिएका सामानको एउटै जिन्सी खाता नराखी वडा अनुसार जिन्सी खाता राखिएको, विषयगत शाखाको लागि खरिद गरिएका सामानको मूल जिन्सीमा अभिलेख नराखिएको र गाउँकार्यपालिकाको कार्यालयबाट खरिद गरिएका सामान कतिपय जिन्सी सामान जिन्सी खातामा आम्दानी बाँध्न छुट भएको देखिएकोले जिन्सी सामानको खरिद परिमाण र उपयोग सम्बन्धमा विश्लेषण गर्ने अवस्था छैन । कार्यालयमा सम्पूर्ण कर्मचारीको दरबन्दी समेत पूर्ति नभएको अवस्थामा कार्यालय संचालन, अनुगमन मूल्यांकन, विविध लगायतका खर्च शिर्षकमा भएको खर्च मितव्ययी देखिदैन । कार्यालयले यस बर्ष सम्पूर्ण बजेट शिर्षक (कन्टिन्जेन्सी समेत) बाट खरिद गरिएका जिन्सी सामान,अनुगमन तथा विविध खर्चको विवरण तयार मूल्यांकन गर्ने र सोही आधारमा मितव्ययिता कायम गर्ने गरी आगामी बर्ष बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ । | |
| २३.२. | **वडा कार्यालय संचालन अनुदान :** कार्यालयले चालु तर्फको बजेटमा समावेश गरी गाउँपालिका अर्न्तगतका ७ वटा वडा संचालनको लागि रु.३१,५०,०००.०० निकासा दिएको छ । वडालाई निकासा दिएको रकमको खर्च शिर्षक अनुसार वर्गिकरण नगरिएकोले कुन कुन शिर्षकमा के कति रकम खर्च भयो भन्न सक्ने अवस्था भएन । वडालाई विनियोजित रकमबाट कर्मचारीले पेश्की लिई सामान खरिद गर्ने र पेश्की फछ्र्यौट गर्ने गरेको देखियो । वडालाई रकम दिंदा कार्यबोझ, कर्मचारी संख्या आदिको आधारमा लाग्ने रकम यकिन नभएको र वडामा खरिद गरिएका सामानको अभिलेख गाउँकार्यापालिको कार्यालयमा नरहेकोले खर्चको उपयोगिता सम्बन्धमा विश्लेषण गर्ने अवस्था भएन । वडा गाउँपालिकाकै | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | इकाई भएकोले वडा तथा गाउँकार्यपालिकाको कार्यालयमा प्रयोग हुने सबै प्रकृतिका सामानको विवरण तयार गरी सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ अनुसार लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट सामान खरिद गर्नु पर्दछ । | |
| २४. | **सवारी साधन खरिद** - सरकारी निकायले सवारी साधन तथा भारी मेशिनरी औजार खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था भएकोमा अर्थ मन्त्रालयको स्वीकृति वेगर समानिकरणको बजेटबाट जीप– १ वटा रु.४९,६०,०००।०० र मोटरसाइकल– १ वटा रु.२,४०,९००।०० समेत रु.५२,००,९००।०० मूल्यका सवारी साधन खरिद गरेको पाइयो । अर्थ मन्त्रालयको स्वीकृत वेगर सवारी साधन खरिद गरेको अनियमित रु...... | ५२,००,९००. |
| २५. | **भवन निर्माण** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराँउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । यस गाउँकार्यपालिकाको कार्यालयले कार्यालय भवन निर्माण कार्यको लागि रु.१ करोड विनियोजन भएकोमा रु.६७,६५,५३६।२९ को प्रिफ्याक भवनको लागत अनुमान तयार गरी उपभोक्ता समितिसंग संझौता भई चालु आ.व.मा रु.४५,००,०००।०० खर्च लेखेको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| २५.१. | **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(४) वमोजिम लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट,फलामे डण्डी,ईटा,ढुंगा, स्यानीटरीका सामान, बिजुलीका सामान, जि.आई.वायर यस्तै अन्य सामाग्रीको दर बिश्लेषण गरी लागत अनुमान तयार गर्ने क्रममा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ । त्यस्तै दररेट निर्धारण समितिको दररेट उपलव्ध नभएकोमा निर्माणस्थल नजिकैको सम्वन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण,निगम वा यस्तै अन्य संस्थाले तोकोको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ,भाडा वा ज्यालाका आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ । कार्यालयले स्यानिटरी तथा विजुलीका कतिपय सामान जिल्ला दररेटमा समावेश भए पनि सो अनुसार दर विश्लेषण गरेको देखिएन । जसले गर्दा उक्त भवनमा प्रयोग भएका स्यानिटरी तथा विजुलीका सामानको मूल्य यथार्थ हो भन्ने आधार रहेन । | |
| २५.२. | भवन निर्माण गर्दा ३४८.९६३४ प्रति वर्ग मिटर रु.४४७४.०० का दरले रु.१५,५९,८६६।३४ वरावरका Light Weight conctret panel Bord (50MM) thick प्रयोग भएको छ । लागत अनुमान तयार गर्दा एक मात्र कम्पनी हिमालयन प्रिफ्याक कम्पनी लैनचौरको दरलाई आधार लिई सोही कम्पनीको सामान खरिद भएको देखियो । जसका कारण दर विश्लेषण सही हो भन्न सकिने अवस्था रहेन । साथै खरिद भएका सामानहरुको गुणस्तरको परीक्षण भएको देखिएन | |
| २५.३. | उपभोक्तासंग कुनै सरोकार नरहेको कार्यालयको भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत निर्माण गरेको अनियमित देखिएको रु....... | ४५,००,००० |
| २६. | **मेशिनरी औजार खरिद** : कार्यालयले चालु आर्थिक वर्षमा विभिन्न नमुना विद्यालयहरु र कार्यालयमा प्रयोग गर्नका निमित्त कम्प्युटर खरिद गर्न रु.५५,००,०००।०० विनियोजन गरेकोमा विभिन्न ३ फर्मवाट कोटेशन माग गरी रु.५३,१६,६५३.७४ को लागत अनुमान तयार गरी मिति २०७४।११।११ को सौर्य राष्ट्रिय दैनिकमा बोलपत्रको माध्यमबाट खरिद प्रस्ताव माग गरेकोमा सूचनाको आधारमा १४ वटा आर्पूतकले वोलपत्र खरिद गरेकोमा ४ वटा आर्पूतकले मात्र वोलपत्र दाखिला गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेको छ : | |
| २६.१. | वोलपत्र पेश गर्ने मध्ये सबभन्दा न्यून कवोल गर्ने वि.जि. जनरल सप्लायर्सले पेश गरेको रु.५२,८२,०९०।०८ र दोश्रो कम कवोल गर्ने ग्लोवल इन्टरनेशनलले कवोल गरेको | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>रु.५३,०८,८९९.३३ लाई प्राविधिक तथा आर्थिक प्रस्तावमा कार्यालयले माग गरे बमोजिमका डेक्सटप तथा प्रिन्टरको माग बमोजिमको स्पेसिफिकेशन अनुसार नभएको आधारमा तेश्रो आपूर्ति कर्ता श्री द वेयव ग्रुपले पेश गरेको रु.५३,१०,४९१।५० वोलपत्र स्वीकार गरी खरिद संभौता गरेको देखियो । लागत अनुमानको तुलनामा ०.११ प्रतिशत मात्र घटी भएकोले प्रतिस्पर्धा भएको देखिएन ।</td><td></td></tr>
<tr><td>२६.२.</td><td>बोलपत्रदाताको योग्यतामा पछिल्लो ३ बर्ष भित्र एकै पटकमा १५० कम्प्युटर सप्लाई गरेको प्रमाण संलग्न हुनु पर्ने उल्लेख छ । ७५ थान कम्प्युटर लिन १५० थान सप्लाई गरेको योग्यता निर्धारण गर्नुको उद्देश्य स्पष्ट भएन । सार्वजनिक खरिद नियमावली २०६४ को नियममा १४ एक करोड सम्मको लागत अनुमान राजपत्रांकित तृतीय श्रेणीको अधिकृतबाट स्वीकृत हुनु पर्ने उल्लेख भएकोमा राजपत्र अनंकित द्वितीय श्रेणीबाट स्विकृत गरेको देखिएको अनियमित रु……………..</td><td>५३,१०,४९१.५०</td></tr>
<tr><td>२७.</td><td>लागत अनुमान र कार्य सम्पन्न : गाउँपालिकाले सडक निर्माणको लागि लागत अनुमान तयार गर्दा जिल्ला दररेट समितिले खोटाङ जिल्लाका लागि निर्धारण गरेको निर्माण सामाग्रीको दररेटको आधारमा लागत अनुमान तयार गरेको देखियो । यसरी लागत अनुमान तयार गर्दा कुल परिमाणलाई माटो तथा चट्टानको किसिमको अनुपातमा दर विश्लेषण गरी लागत अनुमान तयार भएको देखिन्छ । गाउँपालिकाले अधिकाशं सडक योजनाको सर्भे डिजाइन तयार नगरी गाउँ सभाले विनियोजन गरेको वजेटलाई नै कुल लगात अनुमान मानी खर्च गरेको पाइयो । यसरी सुरुमा विनियोजन भएको आधारमा संभौता गर्ने र सोही आधारमा कार्य सम्पन्न गर्नाले लागत अनुमान वास्तविक छ भन्ने आधार देखिएन । विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार कार्य सम्पन्न गरेका केही उदाहरण देहाय बमोजिम छन् :
<table>
<tr><td>योजनाको नाम</td><td>कामको विवरण</td><td>लागत अनुमान</td><td>कार्य सम्पन्न</td></tr>
<tr><td>तावा खोला डाडागाँउ सिमाना सम्म</td><td>सडक स्तर उन्नती</td><td>७४७४०८७.९४</td><td>७४७४०८७.९४</td></tr>
<tr><td>रातामाटा साप्सु खोला सडक निर्माण योजना</td><td>सडक स्तर उन्नती</td><td>५६४२००२.२७</td><td>५६४२००२.२७</td></tr>
<tr><td>टुकुरे काली दोभान कुलो निर्माण</td><td>कुलो मर्मत</td><td>६९०८३९.४०</td><td>६९०८३९.४०</td></tr>
<tr><td>पोल खरिद</td><td></td><td>८९००३२.३६</td><td>८९००३२.३६</td></tr>
<tr><td>साप्सु खानीडाडा</td><td>सडकको ट्याक खोल्ने काम</td><td>४४३६३६८.१३</td><td>४४३६३६८.१३</td></tr>
</table>
माथि उल्लिखित आयोजनाहरुको लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदनमा कामको परिमाण बरावर रहेको देखिएकोले वास्तविक काम बमोजिमको नापजाँच गरी भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>पदाधिकारी सुविधा : गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा गाउँपालिकाका अध्यक्ष,वडाध्यक्ष कार्यपालिकाका सदस्य र वडा सदस्यले प्राप्त गर्ने सुविधा सम्वन्धमा ऐनको अनुसूची १ मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यापालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने व्यवस्था छ । यस गाउँपालिकाको कार्यालयले ऐन बमोजिमको सुविधाका सम्वन्धमा कार्यपालिकाले कुनै निर्णय नगरेको अवस्थामा समेत रु २६२५४८०।०० सुविधा प्रदान गरेको नियम संगत देखिएन । ऐनमा व्यवस्था भए अनुसार उक्त सुविधालाई अधिकतम कायम गरी गाँउपालिकाको आन्तरिक श्रोत समेतलाई आधारमानी कार्यपालिकाले सुविधा निर्धारण गरेपछिमात्र पदाधिकारी सुविधा भुक्तानी दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>२८३।०७५।३।३३ र २१३।२०७५।३।<br>अनुगमन भत्ता : भ्रमण खर्च नियमावली २०६४ मा भ्रमण गर्ने कर्मचारीले भ्रमण गर्दा रात विताउनु पर्दा तोकिए बमोजिमको दैनिक भत्ता र रात विताउनु नपर्ने भएमा एक चौथाई खाजा खर्च दिने व्यवस्था छ र सो को लागि भ्रमण आदेश स्विकृत गराई भ्रमणमा जाने र भ्रमण खर्चको विल पेश गरी रकम भुक्तानी लिनु पर्ने व्यवस्था छ । त्यस्तै प्रदेश १ सरकारको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १(क) मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष,वडाध्यक्ष, गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा सम्वन्धी व्यवस्थामा गाउँपालिकामा सञ्चालन भएका योजना लगायत अन्य कार्यको लागि मासिक अनुगमन भत्ता भूक्तानी दिने व्यवस्था गरेको छ । चालु आर्थिक वर्षमा सञ्चालन भएका योजनाहरुको अनुगमन भनी २१ पदाधिकारी र ६ कर्मचारीलाई रु.१०,३५,२००.०० भत्ता भुक्तानी दिएकोमा स्विकृत भ्रमण आदेश र भ्रमण विल संलग्न रहेको तथा मासिक प्रदान गरेको अनुगमन भत्तालाई समेत आधार लिएको देखिएन । पदाधिकारीलाई मासिक अनुगमन भत्ता दिने व्यवस्था भएकोमा पुनः अनुगमन भत्ता भुक्तानी दिंदा दोहोरो पर्न जाने देखियो त्यस्तै योजना कार्यान्वयन गर्ने जिम्मेवारी पाएका प्राविधिक, खर्च लेख्ने कार्यालय प्रमुख लेखा प्रमुख लगायतका कर्मचारी अनुगमन कर्ताको हैसियतमा भ्रमण गरी अनुगमन खर्च भुक्तानी दिन मिल्दैन । योजना कार्यान्वयन गर्ने जिम्मेवारी पाएका कर्मचारीले कामको निरीक्षण गर्न जाँदा र अनुगमनमा खटिने पदाधिकारी तथा कर्मचारी अनुगमनमा खटिदा एकै पटकमा निरीक्षण तथा अनुगमन गर्न सकिने योजनाको संख्या स्थलको दूरी आदि यकिन गरी लामो दुरी भई रात विताउनु पर्ने भएमा भ्रमण आदेश स्वीकृत गराई र छोटो दुरी भए सोही अनुसार निरीक्षण तथा अनुगमन गरी रित पुर्वकको कागजात पेश गरी रकम भुक्तानी लिने दिने व्यवस्था हुनु पर्दछ । साथै यस प्रकारको अनुगमन खर्च लेख्दा पदाधिकारीलाई मासिक रुपमा प्रदान गरिएको अनुगमन भत्ता समेतलाई आधार लिनुपर्ने देखिएको रु | १०३५२००.०० |
| | **सशर्त अनुदान स्वास्थ्य तर्फ :** | |
| **३०.** | **कर कट्टी नभएको** : निम्न भुक्तानीमा आयकर ऐन २०५८ अनुसार कर कट्टी नगरेकोले असूल गर्नुपर्ने देखिएको छ । | |
| ३०.१. | भौ.न ३६ मिति २०७५।३।३१ स्वास्थ्य चौकि ओखेको मासिक घरभाडा रु १०००।०० का दरले २०७४ श्रावण देखि वैशाख सम्मको जम्मा रु १००००।०० भुक्तानी दिएकोमा आयकर ऐन,२०५८ अनुसार १० प्रतिशत वहालकर असुल गर्नुपर्ने रु<br>उदयपुर जिल्ला बरे देखि कार्यालयसम्म ट्याक्टरवाट औषधी ढुवानी वापत रु.३४,०००।०० को भरपाई वाट रु.३५०००।०० खर्च लेखेकोमा वढी खर्च रु.१०००।०० र ढुवानी भाडा कर १० प्रतिशत कट्टी नभएको रु.३४००।०० समेत जम्मा रु.४४००।०० असुल गर्नुपर्ने रु | १०००.००<br>४४००.०० |
| **३१.** | **निशुल्क औषधीको व्यवस्थापन :** गाउँपालिकामा रहेका ७ वटा स्वास्थ्य संस्थाहरुमा निशुल्क वितरण गर्ने औषधीहरुको भौतिक परीक्षण गर्दा ३५ प्रकारका औषधीहरु करिव २५ प्रतिशत २३ आइटमको स्टक (मौज्दात) रहेको पाइयो । निशुल्क वितरण गर्ने औषधीमा “निशुल्क वितरणको लागि” लोगो लगाएको पाईएन । निशुल्क वितरण गरिने औषधी दुरुपयोग हुन नदिन “निशुल्क वितरणको लागि” भन्ने लोगो लगाउनु पर्दछ । | |
| ३१.१. | भौ.न ११७ मिति २०७५।१।१९ बाट स्वास्थ्य संयोजक मुस्ताक अहमद मन्सुरीलाई औषधि खरिद गर्न रु ७०००००।०० पेश्की दिई फछ्र्यौट गरेकोमा एमेक्सोसिलिन ५०० एम.जि ८००० क्याप्सुल, पारा सिटामोल ट्यावलेट ३५००० ट्याब,मेट्रोनिडाजोल ४०० एमजि १०००० ट्याब, पारा सिटामोल सिरप ४०० एम एल ४०० वटा समेतका अन्य औषधी समेतको रु ५०४५७०।०० विक्रेता आर एन एस फार्मास्यूटिकल्स प्रा.लि वसुन्धरालाई मिति २०७५।१।७ को विल अनुसार खर्च लेखेकोमा उक्त औषधिको जिन्सी अभिलेख राखेको देखिएन । माग फारम बाट खर्च जनाउने तर रजिष्टरमा आम्दानी दाखिला खर्च बाँकि देखिने गरी अभिलेख नराखेकोले नियन्त्रण व्यवस्था कमजोर रहेको देखियो । खरिद गरिएका औषधिको जिन्सी अभिलेख राखी हस्तान्तरण तथा वितरण गरेको प्रमाण पेश हुनु पर्ने रु... | ५०४५७०.०० |
| ३१.२. | खरिद गरिएका तथा विभिन्न माध्यमबाट प्राप्त भएका औषधिहरु स्वास्थ्य चौकीमा उपलब्ध गराई वितरण सम्बन्धमा अनुगमन गरी प्रतिवेदन लिने व्यवस्था हुनु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | **हेल्भिटास कृषि कार्यक्रम (पूँजिगत तर्फ )** | |
| ३२. | **वितरण व्यवस्थापन :** निम्न गो.भा.न. र मिति बाट भकारो सुधार वाखाको खोर सुधार,मौरीको घार तथा वाखाको नस्ल सुधार कार्यक्रम अर्न्तरगत ५ वटा उन्नत जातका २१.५ के.जी देखि २६.५ के.जी सम्मका वोका (५० प्रतिशत अनुदानमा) ४ वटा र ७५ प्रतिशत अनुदानमा १ वटा ) गरी सप्तेश्वर, छितापोखरीमा ५ वटा वोका वितरण गरी खर्च लेखेकोमा वितरण गरेको भरपाईमा वितरण कर्ता, कार्यालय प्रमुख तथा सम्वन्धित वडाबाट प्रमाणित गरेको पाईएन । लाभग्राहीलाई सामान वा बस्तु वितरण गर्दा जनप्रतिनिधिको रोहवरमा गरी सम्बन्धित वडाको सिफारिस समेत लिने र वितरण कर्ता र कार्यालय प्रमुखबाट प्रमाणित गराई खर्च लेख्ने व्यवस्था हुनु पर्दछ । | |

| भौ.न र मिति | कार्यक्रम | खर्च |
|---|---|---|
| ६७/०७५/३/१७ | भकारो सुधार | २५०००.०० |
| ७५/०७५/३/१९ | वाखाको खोर सुधार | १००००.०० |
| ७९/०७५/३/२० | मौरी घार ३ पिस वितरण | ५००००.०० |
| ९३/०७५/३/२१ | ५ वटा वोका वितरण | १९३२५०.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३३. | **कृषि विकास तथा पशु विकास** : यस कार्यक्रम अन्तरगत लैंगिक हिंसा तथा मानव अधिकार सम्वन्धी क्षमता अभिवृद्धि तालिम संचलन गरी रु २२५०००।०० पेश्की फछर्यौट गरेकोमा निम्नानुसार देखियो : | |
| ३३.१. | क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको प्रतिवेदन तयार गरेवापत वडा नम्वर ५ का नन्दलाल गिरीलाई रु २५०००।०० भुक्तानी दिएकोमा आयकर ऐन,२०५८ को दफा ८९ अनुसार १५ प्रतिशत पारिश्रमिक कर कट्टि नभएकोले असूल हुनु पर्ने रु......... | ३७५०.०० |
| ३३.२. | तालिम सञ्चालन गर्ने निम्नानुसार प्रशिक्षकहरुलाई भत्ता रु ३२०००।- खर्च लेखेकोमा आयकर ऐन,२०५८ को दफा ८९ अनुसार १५ प्रतिशत कर कट्टि नभएकोले असुल हुनुपर्ने रु. | ४८००.०० |

| सि.न | नाम | भत्ता रकम | १५ % ले हुने कर रकम |
|---|---|---|---|
| १. | अध्यक्ष सरिता आङदाम्बे | ८०००.०० | १२००.०० |
| २. | शाखा प्रमुख सुवोध पोखेल | ८०००.०० | १२००.०० |
| ३. | शाखा प्रमुख ओमसरा राई | ८०००.०० | १२००.०० |
| ४. | सचिव अमृत गिरि | ८०००.०० | १२००.०० |
| | **जम्मा** | **३२०००.००** | **४८००.००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३४. | **सामजिक सुरक्षा भत्ता :**<br>विभिन्न वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परीक्षणको क्रममा भरपाईमा ल्याप्चे लगाई सकेकोमा पनि फिर्ता उल्लेख गरेको छ । सम्वन्धित लाभग्राही वाहेका अन्यलाई हस्तेको रुपमा समेत भत्ता बुझाएको देखिन्छ । दलित वालवालिकाको सम्वन्धमा सुविधा प्राप्त गरेका अभिभावकहरुको विवरण अध्यावधिक गरी नराखेको कारणले १ अभिभावकले कति वालवालिकाको लागि सुविधा प्राप्त गरेको छन्, सो भिडान हुन सकेन । | |
| ३४.१. | समाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मूल अभिलेख कार्यालयमा राखी मृत्यू, बसाई सराई आदि, कारणले लगत कट्टा गर्नु पर्नेको विवरण तयार गरी लगत कट्टा नगरिएको, लाभग्राहीको लगत किताब प्रिन्ट गरी सोही अनुसार चौमासिक रुपमा भरपाई नगराएको, र वडा कार्यालयबाट प्राप्त भरपाई सही भए नभएको भिडान गर्ने प्रणाली नरहेकोले वितरण गरिएको भत्ता रकम सही छ भनी यकिन हुन सक्ने अवस्था छैन । वितरण गरिएको भत्ता ठिक भएको सुनिश्चित हुन कार्यालयले गाउँपालिकामा रहेका भत्ता प्राप्त गर्न योग्य व्यक्तिको पहिचान गरी लाभग्राहीको लगत किताबसंग भिडान गर्ने र भत्ता नपाउने व्यक्तिलाई वितरण भएको भत्ता यकिन गरी असुल गर्नु पर्दछ । | |
| ३४.२. | यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवा ग्राहीको अभिलेख विवरण नरहेको तथा लाभग्राहि दर्ता तथा लगत कट्टि समेत गरेको छैन । प्रथम किस्तामा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | वितरणमा भएको भरपाइका आधारमा दोश्रो किस्तामा पेश्की दिनुपर्नेमा पहिलो किस्तामा वितरण भएको भन्दा दोश्रो किस्तामा वढ्ने र पुनः तेश्रो किस्तामा घट्ने गरेको देखिन्छ । एकै आर्थिक वर्षमा समेत घटबढ हुनुको कारण एकिन गरी कार्यालयले वास्तविक लाभग्राहिलाई मात्र वितरण भएको एकिन गर्नुपर्ने देखिन्छ । | |

| चौमासिक | वडा | पेश्कि | भरपाई |
|---|---|---|---|
| प्रथम चौमासिक | १ | १६३२०००.०० | १६३२०००.० |
| दोश्रो चौमासिक | १ | १६९०४००.० | १६७८४००.० |
| तेश्रौ चौमासिक | १ | १६४०८००.० | १६३०४००.० |
| प्रथम चौमासिक | ५ | १३९३६००.०० | १४०३६००.० |
| दोश्रो चौमासिक | ५ | १४२३६००.०० | १३६७६००.० |
| तेश्रौ चौमासिक | ५ | १३८७६००.०० | १३८७६००.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३४.३. | गाउँपालिकाको निम्न वडाको सवै चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको भरपाईमा नागरिकता नम्वर नाम थर र जन्ममिति एकै भएका निम्नानुसारका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेकाले वास्तविकता यकिन गरी दोहोरो भत्ता भुक्तानी भएको भए फिर्ता गर्नु पर्दछ । | |

| वडा | लाभ समुह | लाभग्राही | नागरिकता नम्वर | जन्म मिति |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | मालसरी दमाई | १२३०२७।३०० | २००१-१०-०५ |
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | मालसरी दमाई | १३८२ | २००१-१०-०५ |
| १ | बिधवा भत्ता | देविका विष्ट | १२३०२७।७६ | २०४५-०७-१७ |
| १ | अति अशक्त अपाङ्गता भत्ता | देविका विष्ट | १२३०२७।७६ | २०४५-०७-१७ |
| २ | बिधवा भत्ता | कालि परियार | २१५०६ | २००६-०२-१० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | कालि परियार | २१५०६-११६४ | २००६-०२-१० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | हर्क बहादुर दर्जी | १२३०२६-४१६ | २०१०-१२-३० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | हर्क बहादुर दर्जी | १२३०२६-४१६ | २०१०-१२-३० |
| २ | बालबलिका सुरक्षा भत्ता - दलित | मनिषा खाति | | २०७२-०६-३० |
| २ | बालबलिका सुरक्षा भत्ता - दलित | मनिषा खाति | | २०७२-०६-३० |
| २ | बालबलिका सुरक्षा भत्ता - दलित | अनुजा विक | | २०७३-०५-०७ |
| २ | बालबलिका सुरक्षा भत्ता - दलित | अनुजा विक | | २०७३-०५-०७ |
| ३ | एकल महिला भत्ता | चिजामाया राई | २७७।१७ | २०११-०१-०१ |
| ३ | बिधवा भत्ता | चिजामाया राई | २०७७।१७ | २०११-०१-०१ |
| ३ | बिधवा भत्ता | दिल कुमारी तामागं | ६३० | २०१९-०१-०१ |
| ३ | बिधवा भत्ता | दिल कुमारी तामागं | ६२८ | २०१९-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | पर्शु राम राई | १०६९ | २०००-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | सिता कुमारी राई | २०१०२४/१७६ | २०००-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | सिता कुमारी राई | १२१०२४/१७६ | २०००-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | पर्शु राम राई | १७६९ | २०००-०१-०१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | जानुका देवी राउत | २०७७/५ | २०००-१०-१५ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | जानुका देवी राउत | २०७०/५ | २०००-१०-१५ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | नैन कुमारी राई | १७७० | २००१-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | नारायण कुमार राई | १६०५९ | २००१-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | नारायण कुमार राई | १६५९ | २००१-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | रेख बहादुर माझी | १६०२ | २००१-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | नैन कुमारी राई | १७७० | २००१-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | रेख बहादुर माझी | १६६२ | २००१-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | अकलमाया राइ | १२१०२४/१९६ | २००३-०१-०१ |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य) | अकलमाया राइ | १२१०२४/१९६ | २००३-०१-०१ |
| ४ | बिधवा भत्ता | का◌ैशिला राई | ९५२ | २०३८-०१-०२ |
| ४ | बिधवा भत्ता | का◌ैशिला राई | ९५२ | २०३८-०१-०२ |
| ७ | जेष्ठ नागरिक भत्ता (अन्य) | मनलक्ष्मी राई | ८१ | १९८८-०१-१५ |
| ७ | जेष्ठ नागरिक भत्ता (अन्य) | मनलक्ष्मी राई | ८१।०६१।६२ | १९८८-०१-१५ |
| ७ | जेष्ठ नागरिक भत्ता (अन्य) | मिसरमाया मगर | १२१५ | १९९१-०२-०५ |
| ७ | जेष्ठ नागरिक भत्ता (अन्य) | मिसरमाया मगर | १२१५ | १९९१-०२-०५ |
| ७ | जेष्ठ नागरिक भत्ता (अन्य) | मैयाकुमारी राई | ३५८ | १९९१-०७-०४ |
| ७ | जेष्ठ नागरिक भत्ता (अन्य) | मैयाकुमारी राई | ३५८ | १९९१-०७-०४ |

| | | |
|---|---|---|
| ३५. | **विद्यालय क्षेत्र विकास कार्यकम :** विद्यालय क्षेत्र विकास कार्यक्रम(क्षेत्र,जिल्ला,स्थानीय तह) अन्तर्गत आ.ब २०७४।७५ मा सम्पादन हुने कार्यक्रमहरु सम्वन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ को सि.न २.१५.११ मा सामुदायीक विद्यालयमा आधारभूत तथा माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृत्ती र दलित छात्रवृत्ती वितरण गर्दा कुनै पनि छात्रवृत्ती दोहोरो नपर्ने गरी वितरण गर्ने र २०७५ वैशाखमा भर्ना भएका विद्यार्थीले मात्र छात्रवृत्ति पाउने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न ४९ विद्यालयहरुलाई २०७४ मा भर्ना भएका विद्यार्थीको आधारमा रु १०१०५००।०० छात्रवृत्ती रकम निकासा गरेको छ । २०७४ शैक्षिक सत्रका विद्यार्थीको आधारमा निकासा दिएकोले सो सम्वन्धमा २०७५ मा भर्ना भएका विद्यार्थीको विवरण तयार गरी वढि निकासा भएको रकम यकिन गरी असुल गर्नुपर्ने रु........ | १०१०५००.० |
| ३६. | **साना सिंचाई :** साना सिँचाई आयोजना अन्तरगत यस कार्यालयबाट २ वटा सिँचाई आयोजना सञ्चालनमा रहेका र उपभोक्ता समितिमार्फत निर्माण प्रक्रिया शुरु गरेको छ । सिँचाई सम्वन्धी आयोजनाको लागि जल उपभोक्ता समिति गठन गरी दर्ता भएको छैन । संझौतामा उल्लेख भए अनुसारको कुल संझौता रकमको ०.५ प्रतिशत रकम उपभोक्ता समितिले मर्मत तथा सम्भारका लागि नगदै जम्मा गरेको, र खरिद प्रक्रियाहरुमा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ पालना गरेको प्रमाण संलग्न छैन । विस्तृत परियोजना प्रतिवेदनमा आयोजनाहरु ४ महिनामा सकिने गरी कार्य तालिका बनाएकोमा यस आर्थिक वर्ष १ महिनामात्र काम भएको छ । उपभोक्ता समितिले गरेको कामको परिमाण मात्र उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन बनाएको र नापी किताब तयार गरी कार्यालयमा नराखेकोले विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भएको चेनेजमा काम गरी भुक्तानी दिएको यकिन हुन सकेन । | |
| | **समानिकरण चालु :** | |
| ३७. | **स्वास्थ्य पुँजिगत तर्फ**<br>**स्वास्थ्य शिविर :** भौ.नं. ३।०७५।३। गाउँपालिकामा स्वास्थ्य शिविर संचालन गरी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>रु.२१,७७,१०४.०० खर्च गरेको मा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।</td><td></td></tr>
<tr><td>३७.१.</td><td>स्वास्थ्य शिविर सञ्चालनको लागि गाउँपालिका उपाध्यक्षको अध्यक्षतामा समिति गठन गरी उपाध्यक्षलाई रु.१०,००,००० पेश्की दिएको र निजले पेश गरेका विल भपाईको आधारमा रु ११,७७,१०४.०० सोधभर्ना दिएको पाईयो । जनप्रतिनिधिले कार्यक्रम संचालन गर्न पेश्की लिएको नियमसंगत देखिएन ।</td><td></td></tr>
<tr><td>३७.२.</td><td>कार्यक्रम संचालन गर्दा खरिद गर्नु पर्ने सामान तथा सेवा र उपलब्ध गराउनु पर्ने सेवा सुविधा सम्बन्धमा अनुमान गरी लागत अनुमान तयार गरी सोही लागतको अधिनमा रही खर्च गर्नु पर्नेमा लागत अनुमान तयार गरेको पाईएन । उक्त कार्यक्रमको लागि जम्मा रु.१० लाख बजेट विनियोजन भएकोमा रु.२१,७७,१०४.०० खर्च गरेकोले बजेट र खर्च विच सन्तुलन देखिएन ।</td><td></td></tr>
<tr><td>३७.३.</td><td>शिविर संचालन गर्न काठमाण्डौबाट चिकित्सक र प्राविधिक टोली हेलिकप्टर चार्टर गरी ल्याउन र लैजान रु.४९४४७१।०० खर्च भएको देखियो । यातायतको सुविधा रहेको यस जिल्लामा हेलिकप्टर चार्टर गरेकोले कार्यक्रम मितव्ययी भएको पाईएन ।</td><td></td></tr>
<tr><td>३७.४.</td><td>कार्यक्रममा भएको खाना खाजा, औषधी, मसलन्द, भाडा, पारिश्रमिक लगायतमा भएको खर्चको विवरण तथा कार्यक्रमको प्रतिवेदन तयार नगरेकोले कुन काममा के कति रकम खर्च भयो भनी विश्लेषण गर्न सकिएन । यस प्रकारका कार्यक्रम सम्पन्न भए पछि सो कार्यक्रममा भएका खर्चको विवरण र कार्यक्रमको कृयाकलाप समावेश गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>बैठक भत्ता : भौ.न ८८ मिति २०७४।३।११ बाट वडा नं. २ मा काम गर्ने वडा सचिव प्रकाश चन्द्र राईलाई वैठक भत्ता वापत रु ७२०००।०० पेश्की दिई १२ वटा वैठकको भरपाईबाट पेश्की फछ्र्यौट गरेकोमा मिति २०७४।११।२ मा वडा नं.२ मा भएको वैठक र सोहि मितिमा वडा नं १ मा भएको वैठकमा उपस्थित जनाई वडा सचिव प्रकाश चन्द्र राई लाई दुवै वडाबाट भत्ता वैठक भत्ता भुक्तानी दिएकोले वढी वैठक भत्ता भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु</td><td>१०००.००</td></tr>
<tr><td>३९.</td><td>भ्रमण भत्ता : भौ.न ११६ मिति २०७५।३।२५ स्वास्थ्य संयोजक मुस्ताक अहमद मन्सुरीलाई निम्नानुसार मितिमा दिक्तेल को.ले.नि.का मा तलब लिन जाँदाको दैनिक भ्रमण भत्ता खर्च भनी निम्नानुसार भुक्तानी दिएको छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>मिति</th><th>दै.भै.भत्ता को दर</th><th>भुक्तानी रकम</th><th>पाउने रकम</th><th>वढी रकम</th></tr>
<tr><td>२०७५/३/३-९</td><td>१७६०.००</td><td>११०००.००</td><td>१००००.०</td><td>१०००.००</td></tr>
<tr><td>२०७५/३/११-१७</td><td>१७६०.००</td><td>११०००.००</td><td>१००००.०</td><td>१०००.००</td></tr>
<tr><td>२०७५/३/२०-२६</td><td>१७६०.००</td><td>११०००.००</td><td>१००००.०</td><td>१०००.००</td></tr>
<tr><td>२०७५/३/२५-३/३१</td><td>१७६०.००</td><td>११०००.००</td><td>६८००.००</td><td>४२००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४४०००.००</td><td>३६८००.००</td><td>७२००.००</td></tr>
</table>
सदरमुकाममा तलब लिनजाँन १ महिनामा ४ पटकको भ्रमण आदेशबाट रु.४४०००.०० भुक्तानी दिएको देखियो । लेखापरीक्षण नमुना छनौटको आधारमा भएकोले यस प्रकारका अस्वभाविक भ्रमण सम्बन्धमा समेत छानविन गरी वास्तविक भ्रमण र खर्च यकिन गरी बाँकी रकम असूल हुनु पर्ने रु..</td><td>४४०००.००</td></tr>
<tr><td>४०.</td><td>पेश्की वाँकी : आर्थिक बर्षको अन्त सम्म फछर्यौट नभई बाँकी रहेका निम्न पेश्की नियमानुसार फर्यौट हुनु पर्ने रु.</td><td>१६३९५८७०.०</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td></td><td>गाँउपालिका चालु</td><td></td><td></td></tr>
<tr><td>१.</td><td>उपाध्यक्ष सपना राई</td><td>स्कुटर खरिद</td><td>२३००००</td></tr>
<tr><td></td><td colspan="2">हेल्भिटास र गाँउ पालिकाको संयुक्त कृषि कार्यकम</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २. | श्री प्रबिन राई | भकारो सुधार | २५००० |
| ३. | श्री लाल बहादुर राई | भकारो सुधार | २५००० |
| ४. | श्री डेनिकला राई | भकारो सुधार | २५००० |
| ५. | श्री हिरामणि घिमिरे | बाखा खोर निर्माण | ५००० |
| ६. | श्री धनकुमारी राई | बाखा खोर सुधार | ५००० |
| ७. | श्री निर बहादुर राई | बाखा खोर सुधार | ५००० |
| ८. | श्री दिनेश तामाङ | आर्गानिक खेति पकेट | ९०००० |
| ९. | श्री पबन राई | तरकारी संकलन केन्द्र | २००००० |
| १०. | श्री  पर्शुराम राउत | बैदेशिक रोजगार वाट | २०००० |
| ११. | श्री प्रमेश राई | बैदेशिक रोजगार वाट | २०००० |
| १२. | श्री प्रबिन्द्र तामाङ | बैदेशिक रोजगार वाट | २०००० |
| १३. | श्री कासी राज राई | नमुना बाखा पालन | ६०००० |
| १४. | श्री प्रेम कुमार राई | नमुना बंगुर पालन | ६०००० |
| १५. | श्री शरण कुमार राई | हाट बजार ब्यबस्थापन | १००००० |
| १६. | श्री पबन कुमार थापा | नगदे वालि प्रर्वद्धन (बेसार | २०००० |
| १७. | श्री दिपेन्द्र राई | नगदे वालि प्रर्वद्धन ( | २०००० |
| १८. | श्री नन्दलाल गिरी | मैरी पालन घार निर्माण | २५००० |
| | | **जम्मा** | **७२५०००.००** |
| | **पूँजिगत तर्फ** | | |
| १. | श्री दिपेन्द्र राई | छोरोम्बु देखी बतासे डिही | २८८००० |
| २. | श्री भिम बहादुर | छितापोखरी बजार | ३४९८९५ |
| ३. | श्री धम्म बहादुर कार्क | बेलबोटे मुहान हिउदे | २३६००० |
| ४. | श्री डिल्ली प्रसाद राई | याङसोला बरडाँडा सडक | ९५०४० |
| ५. | श्री राम बहादुर बस्नेत | सिमखेत मुहान हुदै बाहुन | २२१७६० |
| ६. | श्री बलजित राई | डाल्ने खेत टुकुरे खोला | ४००००० |
| ७. | श्री दुर्गा प्रसाद गुरगाई | महेन्द्रदय आ.बि भबन | ४७५२०० |
| ८. | श्री गजेन्द्र राई | वडा नं. १ याम्खा भबन | १२६७२०० |
| ९. | श्री सइक कुमार खत्री | धतुङ तृतिया रोसाभभ्याङ्ग | ७१६८०० |
| १०. | श्री प्रेम कुमार राई | गैरिगाँउ खा.पा.यो | ६६६८० |
| ११. | श्री भोजराज खड्का | सहिद धुर्ब खड्का स्मृति | ७००००० |
| १२. | श्री नहेश कुमार राई | तावा टुवा पञ्चमि बजार | १०२९६०० |
| १३. | श्री दिनेश तामाङ | केन्द्रीय बिद्युत बिस्तार | ४५०४५० |
| १४. | श्री नारायण राई | उच्च मा.बि भुल्के | ६३३६० |
| १५. | श्री सम्सेर गिरि | बतासे +२ देखी | ३४५६०० |
| १६. | श्री धन बहादुर राई | भडारेघाट बिद्युत बिस्तार | ८००३०० |
| १७. | श्री सम्सेर बहादुर | दैबिक प्रकोप उदार | २००००० |
| १८. | श्री राम कुमार राई | सिमखर्क बिद्युत बिस्तार | ७८०३०० |
| १९. | श्री लोकेन्द्र राई | बिपद ब्यबस्थापन कोष | २००००० |
| २०. | श्री इन्द्र बहादुर बस्नेत | बिपत ब्यबस्थापन कोष | ६८०० |
| २१. | श्री सुकुमार राई | ढिकुरतुङ राम्चेबस्ती | २४००० |
| २२. | श्री निरेश राई | धिप्लुङ खोला खा. पा. यो | ५१५७६० |
| २३. | श्री मणि कुमार गिरि | शान्ती मा.बि खेल मैदान | ६३३६० |
| २४. | श्री रमा तामाङ | धिप्लुङ छागो पर्यटन क्षेत्र | ७८०१२० |
| २५. | श्री भिम बहादुर खत्री | दैबिक प्रकोप ब्यबस्थापन | ३०००० |
| २६. | श्री  रमेश खड्का | स–छितापोखरी खेल | ३५०००० |
| २७. | श्री देवीका कार्की | सरुवा मुहान बतासे | १०००००० |
| २८. | श्री भिम वहादुर प्रधान | ईजार वाला चौर वतासे | २४००९० |
| २९. | श्री उद्धब राई | बल्खु खोला सिचाई मर्मत | १२०००० |
| ३०. | श्री सर्बजित राई | बरबोटे बिद्युत पोल खरिद | २००००० |
| ३१. | श्री नानी बाबु बस्नेत | शान्ति निकेतम मिना | ५००००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ३२. | श्री पुर्ण बहादुर खड्का | बिपद ब्यबस्थापन कोष | १०४५० |
| ३३. | श्री समहिरा राई | टेम्मा शान्ति मा.बि | ८०००० |
| ३४. | श्री अस्मिता राई | होमा देबि महिला बिकास | १५०००० |
| ३५. | श्री धन बहादुर थापा | बिपत ब्यबस्थापन कोष | २००००० |
| ३६. | श्री राज कुमार पाण्डे | पञ्चमि मान्दता सडक | १००००० |
| ३७. | श्री मन कुमार राई | पञ्चकन्या प्रा.बि वाल | १५०००० |
| ३८. | श्री इन्द्रकला राई | समाबि कुलागाउ | २००००० |
| ३९. | श्री मिलन राई | बिपत ब्यबस्थापन | २०००० |
| ४०. | भिम बहादुर खत्री | बिद्युत पोल दुवानी | ७०००० |
| ४१. | श्री सन्दिप बस्नेत | लक्षित बर्ग कार्यक्रम | ३०००० |
| ४२. | श्री इन्द्र बहादुर बस्नेत | बिपत ब्यबस्थापन कोष | १५०००० |
| | | **जम्मा** | **१३६७६७६५** |
| | **प्रदेश सरकार प्राप्त अनुदानबाट संचालित योजना** | | |
| १. | बद्रीलाल मकाजु | पञ्चमी भडारे सडक | २८८००० |
| २. | रमेश कुमार खत्री | टुवाखोला कात्तिके सिचाई | २८८००० |
| ३. | **जम्मा** | | **५७६०००** |
| ४. | **सशर्त स्वास्थ्य  अनुदान तर्फ** | | |
| ५. | मुस्ताक अहमद मन्सुरी | स्वास्थ्य सम्बन्धी | १९३३०० |
| | **सशर्त शिक्षा अनुदान** | | |
| १. | तुलसी कुमार खड्का | मेसनरी औजार खरिद | २००००० |
| | **साना सिंचाई कार्यक्रम** | | |
| १. | दिलिप कुमार राई | टुकुरे खोला सोलीदुंगा | १७४८०५ |
| २. | गंगा कुमारी राई | टुवाखोला लामेबगर | ५२७००० |
| | | **जम्मा** | **७०१८०५** |
| | **सामाजिक सुरक्षा** | | |
| १. | अर्जुन कुमार आचार्य | सामाजिक सुरक्षा भत्ता | ४२८०० |
| २. | इन्द्र बहादुर बस्नेत | सामाजिक सुरक्षा भत्ता | ४९६०० |
| ३. | लक्ष्मी प्रसाद ढकाल | सामाजिक सुरक्षा भत्ता | ६०० |
| | | **जम्मा** | **९३०००** |
| | | **कुल जम्मा** | **१६३९५८७०.०** |

पेश्की सम्बन्धमा देखिएको अन्य व्यहोरा देहाय बमोजिम छ :

पदाधिकारीले सामान खरिद गर्न,कर्मचारीले भत्ता वितरण र कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की फछ्र्यौट नभएको, एकै आर्थिक बर्ष भित्र सम्पन्न गर्नु पर्ने आयोजना निर्माण गर्न उपभोक्ता समितिले लिएको पेश्की समेत फछ्यौट नगरी बाँकी राखेको देखियो । कर्मचारी, संस्था तथा उपभोक्ता समितिले लिएको पेश्की तोकिएको समयमा काम सम्पन्न नगरेमा सो काम सम्पन्न गराई पेश्की फछ्र्यौट गराउन पत्राचार समेत गरेका पाइएन । आर्थिक बर्षको अन्त्य सम्ममा फछ्र्यौट नभएका पेश्की बाँकीको विवरण तयार गर्दा पेश्की लिने सस्था, कर्मचारी,उपभोक्ता समितको नाम, प्रयोजन तथा जिम्मेवार व्यक्ति खुलाएको छैन । पेश्की दिंदा सम्पन्न गर्नुपर्ने कामको अवधि तोक्ने, समय भित्र पेश्की फछ्र्यौट नगरेमा पत्राचार गरी ताकेता गर्ने, काम सम्पन्न नगरी नगद बाँकी राखेमा नियममा व्यवस्था भए बमोजिम व्याज समेत असूल गर्ने र आर्थिक बर्षको अन्त्यमा बाँकी पेश्कीको विवरण तयार गर्दा पेश्की दिएको मिति, प्रयोजन, जिम्मेवार व्यक्ति, सम्पर्क माध्यम समेत खुलाई नियन्त्रणात्मक व्यवस्था गरिनु पर्दछ ।

४१. **वित्तीय उत्तरदायित्व मूल्यांकन :** सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/विकास निर्माण

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ४५ अंक प्राप्त गरी ग्रेड सि प्राप्त गरेको पाइएको छ। उक्तानुसार कमजोरी देखिएका क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४२.</td><td>बेरुजू - यस गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.२ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७० लाख ५७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८ लाख ७९ हजार र पेश्की रु.१ करोड ६३ लाख ९६ हजार  समेत रु. ३ करोड ४६ लाख ३ हजार  बेरुजू कायम भएको छ। कार्यालयबाट प्रतिक्रिया एवं जवाफ प्राप्त भएको छैन।</td><td></td></tr>
<tr><td>४३.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :   (रु हजारमा)
<table>
<tr><th>गत वर्षको बेरुजू रकम  (A)</th><th>वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>५६१२</td><td>०</td><td>५६१२</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.</td><td>अद्यावधिक बेरुजु स्थिति : गत विगतको वेरुजु अद्यावधिक नभएको गाउँ पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
(रु हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी ©</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू (D)</th><th>यो वर्षको कायम बेरुजू (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>५६१२</td><td>०</td><td>३४६०३</td><td>४०२१५</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनु पर्दछ।</td><td></td></tr>
</table>

अनुसूची- १

## दिप्रुङ्ग चुइचुम्मा गाँउपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७४।७५** (रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | खोटाङ्ग | दिप्रुङ्ग चुइचुम्मा गा.पा | ४७ | १५ | ३४६०३ | ० | ० | ० | ४७ | १५ | ३४६०३ | २७१ | १७०५७ | ८७९ | ० | ० | १८२०७ | ४८६ | १५९१० | १६३९६ |

अनुसूची- २

## स्थानीय तह सञ्चित कोष विवरण

**२०७४।७५** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | दिप्रुङ्ग चुइचुम्मा गा.पा | खोटाङ्ग | ५६१२ | १६३७५० | १६६९९३ | ५९२४ | ३३६६६७ | १९९९९ | १०३१४८ | १७२३६८ | २९५५१५ | ४६७६४ |